# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, फागुन १९ गते २०४८ साल (संख्या ४६


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

भन्सार ऐन, २०१९ को दफा ९(१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी हवाई विभागको एयर ट्रान्सपोर्ट सपोर्ट डिभिजनले डेनमार्कबाट खरिद गर्ने अमेरिकी डलर २१ लाख ८५ हजार मूल्यको ट्वीन अटर वायुयानको पैठारीमा लाग्ने भन्सार महसुल र बिक्रीकर सो वायुयान अरूलाई बिक्री गरेमा कानूनतः लाग्ने राजश्व बुझाउन पर्ने शर्तमा पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी भरतपुर नगरपालीकालाई जापानको Fire Protection Equipment & Safety Center of Japan नामक संस्थाबाट उपहारस्वरूप प्राप्त हुने जापानी येन ७२८६५०० मूल्य बराबरको २०० लिटर क्षमताको दमकल एक र सो को एसेसोरीजमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४८।१०।१६ को निर्णय अनुसार देहायबमोजिमका अधिकृतहरूलाई देहायबमोजिम पदस्थापन गरी पदाधिकार कायम गरेको छ ।

| सि. नं. | नाम, थर | साबिक पद तथा कार्यालय | पदाधिकार कायम गरिएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री कुलचन्द्र श्रेष्ठ | रा.प.द्वि. श्रेणी, (उपसचिव-स्तर) गृह मन्त्रालय वा अन्तर्गत | प्रमुख जिल्ला अधिकारी, जि. प्र. का. इलाम |
| २. | श्री प्रेमकुमार वान्तवा | रा.प. द्वि. श्रेणी, (उपसचिव-स्तर) गृह मन्त्रालय वा अन्तर्गत। | प्रमुख जिल्ला अधिकारी, जि.प्र.का. सोलुखुम्बू । |

### सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय पाँचथरका प्र.जि.अ. श्री केदारमान अमात्य घरबिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त प्र. जि. अ. पदमा सोही कार्यालयका प्र.अ. श्री प्रदीप अधिकारीलाई मिति २०४८।१०।१५ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय दोलखाका प्र. जि. अ. श्री निरञ्जन बराल मिति २०४८।१०।१० गतेदेखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सीमा प्रशासन शाखा दोलखाका शा.अ. श्री खडकराज शर्मालाई मिति २०४८।१०।१० गतेदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०

## सूचना ४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय डोल्पाका प्र.जि.अ. श्री रामेश्वरप्रसाद घिमिरे संयुक्त अधिराज्यमा तालीममा भाग लिन जानु हुने भएकोले उहाँ तालीमबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा प्र.अ. श्री मानदेव वडुलाई मिति २०४८।१०।२ गतेदेखि नै का.मु.मुकरर गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्र.जि.अ. श्री तुलसीप्रसाद भट्टराई बिदामा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा जि. प्र.का. पर्साका व. प्र.अ. श्री ज्ञानदर्शन उदासलाई मिति २०४८।१०।१४ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारको मिति २०४८।९।२२ को निर्णयानुसार रा. प. तृ. श्रेणीका अधिकृत श्री हर भट्टराईलाई गृह मन्त्रालय वा अन्तर्गतबाट शाखा अधिकृत ईलाका प्रशासन शाखा कन्चनपुर सप्तरीमा पदस्थापन गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारको मिति २०४८।९।२५ को निर्णयानुसार जि.प्र. का. सुनसरीका वरिष्ठ प्रशासकीय अधिकृत श्री ज्ञानदर्शन उदासलाई वरिष्ठ प्रशासकीय अधिकृत जि.प्र.का. पर्सामा सरुवा गरेको छ ।

## सूचना ८

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय हुम्लाका का.मु. प्र.जि.अ. श्री नेत्रबहादुर कार्कीको मिति २०४८।१०।२२ देखि घरबिदा स्वीकृत भएकोले नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त प्र.जि.अ. पदमा सीमा प्रशासन शाखा हुम्लाका शा.अ. श्री रामजीप्रसाद बरालालाई उहाँ बिदा बस्नु भएकै मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८०१

## सूचना ९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय रूपन्देहीका का. मु. प्र. जि. अ. श्री खगेन्द्रप्रसाद पौडेल मिति २०४८।१०।१ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा सोही कार्यालयका व. प्र. अ. श्री पूर्णबहादुर अधिकारीलाई नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४८।६।१७ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्र.जि.अ. श्री कान्त रेग्मी मिति २०४८।१०।१७ गतेदेखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा जि. प्र. का. महोत्तरीका व. प्र. अ. श्री श्यामकिशोर मल्लिकलाई उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४८।१०।१५ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

आज्ञाले,
महेश्वर शर्मा
सह-सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८०२